# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ

पत्र संख्या:०८१/०८२
चलानी नं.:

गण्डकी प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्नका लागि आशयदाताहरुको छनौट सम्बन्धी सूचना।**

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०६/११

काठेखोला गाउँपालिकाले मिति २०८१/०५/२० गते ढोरपाटन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार **"कृषि तथा पशु बिकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम"** सञ्चालन गर्नका लागि तपसिल बमोजिमका आशय पत्रदाताहरुको छनौट गरिएको छ। छनौट भएका आशयदाताहरुलाई तोकिए अनुसार प्राविधिक र वित्तिय प्रस्तावना पेश गर्नको लागि अनुरोध गरिन्छ।

**छनौट भएका आशयदाताहरुको सूची**

| साझेदार संस्थाको नाम | ठेगाना |
|---|---|
| हेफर प्रोजेक्ट नेपाल/ विवाईसी बागलुङ | ललितपुर महानगरपालिका वडा नं. १५/ बा.न.पा. १ बागलुङ |

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन कार्यालय समय भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्नुहुन अनुरोध छ। प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा यस गाउँपालिकाको वेवसाईट वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ। छनौट भएका आशयदाताहरुले आफ्नो तर्फबाट परियोजनामा लगानी गर्ने आर्थिक तथा प्राविधिक लागतको विस्तृत योजना र रकमको प्रतिबद्धता समेत पेश गर्न अनुरोध छ।

पुनश्च : यस प्रकारको साझेदारीमा कुनैपनि आर्थिक लाभ वा मुनाफा लिने उद्देश्य नरहेकोले प्रस्तावना पेश गर्नका लागि छनौट भएका साझेदार संस्थाका हकमा पेश्की जमानत आबश्यक नपर्ने ब्यहोरा जानकारी गराईन्छ।

चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

Email : kathekholagahunpalika123@gmail.com
http://kathekholamun.gov.np

## कृषि तथा पशु विकासमा आधारित सानाकिसान उद्यमशिलता कार्यक्रमको लागि कार्य विवरण (Terms of Reference)

### १. पृष्ठभूमिः

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, जलवायु परिवर्तन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीयस्तरमा कृषि तथा पशुवस्तुको उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट गाउँका सानाकिसान, महिला तथा युवाहरुको आर्थिक जिवनस्तरमा सुधार गर्ने उद्देश्यले “काठेखोला गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१” ले दिएको अधिकार क्षेत्र भित्र रही गैर सरकारी र काठेखोला गाउँपालिकाबीच बहुबर्षिय रुपमा कृषि तथा पशुविकासमा आधारित सानाकिसान उद्यमशिलता परियोजना सञ्चालन गर्नका लागि यो कार्यविवरण तयार गरिएको छ ।

### २. मुख्य उद्देश्यः

यस परियोजनाको मुख्य उद्देश्य गाँउपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नुरहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने, सानाकिसानहरुको वित्तिय पहुँच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशु उपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरुमार्फत  आवद्ध घरधुरीहरुको आयस्तरमा सुधार पुऱ्याउने रहेकोछ ।

परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- गरिव तथा विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई वित्तिय सेवाहरुमा पहुँच तथा बजारसंगको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,
- निजी तथा वित्तिय संस्थाहरुको कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा  रुपान्तरणकारी बृद्दि गर्नु,
- सानाकिसान तथा आपुर्ति श्रृँखलामा आवद्ध आपुर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्नु,
- लक्षित आपुर्ति श्रृंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्नु ।

प्रस्तावित बहुवर्षिय योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् । उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो, उक्त क्रियाकलापवाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृँखालाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

- कृषि तथा पशुवस्तुको उत्पादनमा आवद्ध सानाकिसानहरु तथा तिनीहरुका संगठनको सामाजिक पुँजी अभिवृद्धि गर्नु,
- बजार मागमा आधारित कृषि तथा पशुउपजहरुको आपूर्ति वृद्धि गर्नु,
- साना किसानहरु संलग्न कृषि तथा पशुवस्तुसंग सम्बन्धित उद्यमलाई नाफामूलक वनाउन मद्धत गर्नु,
- ग्रामीण क्षेत्रमा वित्तिय सेवाको पहँचमा बृद्दि गर्नु,
- साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि वीमामा पहुँच बढाउनु,
- साना किसान तथा आपूर्ति श्रृँखलामा आवद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्धि गर्नु,
- सानाकिसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सीप अभिवृद्धि गर्नु,
- कृषि तथा पशुवस्तुहरुको संकलन, प्रशोधन, भण्डारण तथा बजार विकास सम्बन्धी पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापना गर्नु,
- सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशुवस्तुहरुको मुल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजिकरण गर्नु,
- लक्षित कृषि तथा पशुवस्तुहरुको उत्पादन, संकलन, प्रशोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि गर्नु,
- कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्नु ।

### ३. परियोजना कार्यान्वयन प्रवन्ध

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ। परियोजनाले प्रस्तावित घरपरिवारहरुलाई समेट्ने, उनीहरुलाई परियोजनावाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ। संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ।

### ४. आवश्यक जनशक्ति

यस परियोजना कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

### ५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

यस परियोजना गाउँपालिकाका .... वटा वडाहरुमा सञ्चालन गरिने छ। गाउँपालिकाका कुल घरधुरी ............ मध्ये यस परियोजनाले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा ......... हुनेछन्। भने अपत्यक्ष रुपमा ........घरधुरीहरु संलग्न हुनेछन्। यस बाहेक परियोजनाले .....युवाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत समेट्नेछ।

यस परियोजनाले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार रहेकोछ।

| वडा नं | स्थान | जम्मा घरधुरी | परियोजना मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या | परियोजना मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या | जम्मा लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| | जम्मा | | | | |

### ६. परियोजना अवधिः

यस परियोजनाको समयावधि ... वर्ष .... महिनाको हुनेछ। परियोजना शुरु हुने मितिः .................. रहनेछ।

### ७. परियोजनाको कुल लागतः

प्रस्तावित वहुवर्षिय परियोजनाका लागि यस गाउँपालिकाले पहिलोवर्ष रु..................... विनियोजन गर्नेछ भने परियोजनाको कुल लागत ............................. हुनेछ। यस बाहेक प्रस्तावक संस्थाले लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्ने छ।

८. अपेक्षित परिणाम

यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

- सामाजिक पूँजीको अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मुल्य श्रृँखला सम्बन्धी उद्यमशिलता विकास,
- कृषि तथा पशु उद्यमीहरुको वित्तिय सेवामा पहुँच अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- कृषि तथा पशुवस्तुको आन्तरिक/बाह्य बजारमा बिक्री वितरणमा वृद्धि

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा**

१. परियोजनाको नाम
२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार
४. परियोजनाको लक्ष्य र उद्देश्य
५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)
६. परियोजनाको कार्यान्वयन विधि
७. परियोजनाका क्रियाकलापहरु
८. परियोजनाको व्यवस्थापन
  - व्यवस्थापन संरचना
    - संस्थागत सहकार्य
    - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
  - मानवीय संशाधन परिचालन
  - परियोजनाको कार्ययोजना

९. प्रतिवेदन
१०. अनुगमन तथा मूल्यांकन
११. परियोजनाको पारदर्शिता
१२. परियोजनाको दिगोपना र हस्तान्तरण

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा**

- साझेदारको कुल लागत रकम । लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको (In Kind) प्रतिशत
- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य